# बागलुङ नगरपालिका

# प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५

२०७५ सालको ऐन संख्या :- ०३

**नगर सभामा प्रस्तुत मितिः- २०७५।३।२१**

**नगर सभावाट स्वीकृत मितिः- २०७५।३।२३**

वागलुङ नगर कार्यपालिकाको कार्यालय

वागलुङ

गण्डकी प्रदेश,नेपाल

# “बागलुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने वनेको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन-२०७५”

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन - २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागलुङ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्तनाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम “बागलुङ नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन-२०७५” रहेको छ।

(२) यो ऐन बागलुङ नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) “ऐन” भन्नाले बागलुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमितगर्ने ऐन, २०७५ सम्झनु पर्छ।

(ख) “कार्यपालिका” भन्नाले बागलुङ नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) “नगरपालिका”भन्नाले बागलुङ नगरपालिका सम्झनु पर्छ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियमबनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बागलुङ नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय  तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही बागलुङ नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

प्रमाणिकरण
जनकराज पौडेल
नगरप्रमुख

प्रमाणिकरण मिति :- २०७५ साल श्रावण १ गते मंगलवार